मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश सरकार
धनगढी, कैलाली, नेपाल ।

# राष्ट्रिय प्रजातन्त्र दिवस- २०८०को शुभकामना

राष्ट्रिय प्रजातन्त्र दिवस २०८० को अवसरमा स्वदेश तथा बिदेशमा रहनु भएका सम्पुर्ण नेपाली दिदीबहीनी तथा दाजुभाईहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मुलुकमा प्रजातन्त्र स्थापनाको लागी आफ्नो जिवन उत्सर्ग गर्नु हुने अमर सहिदहरु प्रतिहार्दिक श्रदाञ्जली अर्पण गर्दछु । साथै प्रजातन्त्रको लागी बिभिन्न कालखण्डमा भएको आन्दोलनमा बेपत्ता, घाईते, अपाङ्ग हुनु भएका लगायत आन्दोलनको नेतृत्व गर्नु हुने अग्रजहरु प्रति उच्च सम्मान सहित योगदानको स्मरण गर्न चाहान्छु ।

जनताको ऐक्यबद्दताले जस्तोसुकै निरङ्कुशतालाई पनि परास्त गर्न सक्दछ भन्ने यथार्थलाई प्रजातन्त्र दिवसले सदैव स्मरण गराउदछ । जहाँनिया निरङ्कुश शासन बिरुद्ध जनताको संघर्षले बिजय हासिल गरेको आजको दिनको नेपालको राजनितीमा विशिष्ट महत्व छ ।

आज हामीले हासिल गरेको संघिय लोकतान्त्रिक गणतन्त्रको जग २००७ सालको प्रजातन्त्रको स्थापनाबाट सुरु भएको हो । हाल प्राप्त सबै उपलब्धीका लागी नेपाली जनताले ठुलो त्याग र बलिदान गरेको कुरा सर्वविदितै छ । जनताले आफ्ना प्रतिनिधी मार्फत संघिय लोकतान्त्रिक गणतन्त्रात्मक संबिधान जारी गरेका छन । हाम्रो संबिधानले परिकल्पना गरे बमोजिम संघ प्रदेश र स्थानिय तह गरी तिनै तहका सरकार लोकतन्त्रका लाभहरु जनसमक्ष पुऱ्याउन तल्लिन रहेका छन । लोकतन्त्रले ल्याएको यो सुन्दर व्यवस्थालाई जनमैत्री र अझै मजबुत बनाउन सुदुरपश्चिम प्रदेश सरकार दृढ संकल्पका साथ अघि बढीरहेको छ ।

वर्तमान शासन व्यवस्थाले दशकौँ देखि व्यक्त हुदै आएको शहिदको सपना एंव जनताको आकांक्षालाई मुर्तरुप दिन सक्नुपर्दछ ।"**आत्मनिर्भर र समुन्त प्रदेश: सम्मानित प्रदेशवसी**"को संकल्प लिएर अघि बढी रहेको सुदुरपश्चिम प्रदेश सरकार सामाजिक न्याय, समानता, सामाजिक सद्भाव तथा आर्थिक समुन्तीलाई मुल लक्ष्य बनाएर अघि बढि रहेको स्मरण गराउन चाहान्छु ।

अन्तमा आजको यस ऐतिहासिक दिवसले मुलुकको भौगोलिक अखण्डता, राष्ट्रिय सार्वभौमिकता, स्वाधिनता र राष्ट्रिय एकतालाई अझ सुदृढ गर्न सबैलाई प्रेरणा मिल्नेछ भन्ने विश्वास सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सम्वत् २०८० फागुन ०७ गते सोमबार।

(कमल बहादुर शाह)
मुख्यमन्त्री